केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं, नेपाल
फोन नं.: ४४१५१५८
फ्याक्स नं.: ४४१५१५८
E-mail: nrbfisd@nrb.org.np
Web site: www.nrb.org.np
पोष्ट बक्स नं.: ७३

# नेपाल राष्ट्र बैंक
## वित्त कम्पनी सुपरिवेक्षण विभाग

### वर्ल्ड मर्चेन्ट बैंकिङ्ग एण्ड फाइनान्स लिमिटेड, हेटौंडा, मकवानपुरलाई समस्याग्रस्त वित्तीय संस्था घोषणा गरिएको बारे नेपाल राष्ट्र बैंकको सूचना

वर्ल्ड मर्चेन्ट बैंकिङ्ग एण्ड फाइनान्स लिमिटेड, हेटौंडा, मकवानपुरले यस बैंकबाट जारी निर्देशन बमोजिम समानुपातिक चुक्ता पुंजी कायम गर्न नसकेको तथा सुपरिवेक्षकीय समायोजन पश्चात थप कर्जा नोक्सानी व्यवस्था कायम गर्दा संस्थाको पुंजीकोष २०६८ चैत्र मसान्तमा ४४.१४ प्रतिशतले ऋणात्मक र २०६९ पौष मसान्तमा ४२.०६ प्रतिशत ऋणात्मक रहेको, यस बैंकबाट जारी निर्देशन अनुसार कर्जा वर्गीकरण एवं नोक्सानी व्यवस्था कायम नगरेको तथा सो सम्बन्धमा गलत विवरण पेश गरेको, एकल ग्राहक कर्जा सीमा नाघेर कर्जा प्रवाह गरेको, कुल कर्जा तथा सापटमा निष्कृय कर्जाको अंश २०६९ पौष मसान्तमा ७५.७६ प्रतिशतको उच्च बिन्दुमा रहेको एवम् कतिपय कर्जा प्रवाह गर्दा कर्जा सुरक्षण वापत लिइने धितो रोक्का एवं दृष्टिबन्धक समेत नगरेकोले संस्था उच्च संचालन जोखिममा रहेको, आन्तरिक नियन्त्रण प्रणाली अत्यन्त कमजोर रहेको, संस्थागत सुशासन कायम हुन नसकेको, पूर्व निरीक्षणका क्रममा देखिएका कैफियतका आधारमा दिएका निर्देशनहरु पालना नभएको, स्थापनाकालदेखि अध्यक्ष रही आएका संस्थाका अध्यक्षले अप्रत्यक्ष रुपमा संस्थाबाटै कर्जा उपयोग गरेको, लामो समय देखि अनिवार्य नगद मौज्दात एवं बैधानिक तरलता अनुपात कायम नगरेको तथा निर्देशन बमोजिम विपन्न वर्ग कर्जा प्रवाह गर्न नसकेको तथा सो नगरेबापत जरिवाना र हर्जाना रकम जम्मा गर्न नसकेको, तरलता जोखिम उच्च रहेको, स्रोत परिचालनमा कुल कर्जा सापटको अंश २०६९ पौष मसान्तमा १७६.९ प्रतिशत रहेको, संस्थाको वित्तीय अवस्था Insolvency को अवस्थामा रहेको, समयमै आवश्यक कारवाही नगरेमा वित्तीय प्रणालीमै नकारात्मक सन्देश प्रवाह हुने संभावना रहेको तथा संस्थामा अविछिन्न उत्तराधिकार (Continuous Going Concern) को संभावना नदेखिएको परिप्रेक्षमा उक्त संस्थालाई यथावत संचालन गर्न दिएमा सर्वसाधारणको निक्षेप जोखिममा पर्ने, लगानीकर्ताको पुंजी थप क्षय हुने देखिएकोले यस बैंकको संचालक समितिको मिति २०७०।१।५ को निर्णय अनुरुप बैंक तथा वित्तीय संस्थाको शीघ्र सुधारात्मक कारवाही सम्बन्धी विनियमावली, २०६४ को विनियम ३ को खण्ड (ङ) को (अ) अनुसार कारवाही गर्न तथा नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ८६ख बमोजिम समस्याग्रस्त वित्तीय संस्था घोषणा गरी सोही ऐनको दफा ८६ग अनुसार समस्याग्रस्त घोषणा भएको मितिदेखि ६ महिना भित्रमा सुधार गर्ने गरी देहाय बमोजिमका निर्देशनहरु दिइएको छ ।

(क) यस बैंकको निर्देशन बमोजिम पुंजीकोष कायम गर्न ।

(ख) निक्षेप संकलन एवम् नवीकरण नगर्न ।

(ग) थप कर्जा तथा जमानत प्रदान नगर्न ।

(घ) भाका (म्याद) पुगेका एवं फिर्ता भुक्तानी गर्नु पर्ने निक्षेप फिर्ता गर्न । तर, दुई लाखभन्दा बढी निक्षेप वा दायित्व रकम भुक्तानी गर्दा यस बैंकको स्वीकृति लिन ।

(ङ) नयाँ शाखा नखोल्न ।

(च) यस बैंकको स्वीकृति विना स्थिर सम्पत्ति खरिद तथा बिक्री नगर्न ।

(छ) संचालकको भत्ता तथा सुविधा एवम् कर्मचारीको तलब भत्ता तथा अन्य आर्थिक सुविधा बृद्धि नगर्न ।

(ज) यस बैंकको स्वीकृति बिना नयाँ कर्मचारी भर्ना तथा बढुवा नगर्न ।

(झ) निष्कृय कर्जाको अनुपात ५ प्रतिशतभन्दा तल ल्याउन ।

(ञ) लाभांश घोषणा वा वितरण नगर्न ।

(ट) संस्थागत सुशासन, आन्तरिक नियन्त्रण प्रणाली र जोखिम व्यवस्थापनको समुचित व्यवस्था मिलाउन ।

(ठ) हरहिसाब तथा स्रेस्ता दुरुस्त राखी यस बैंकलाई सही तथ्य जानकारी गराउन ।